

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २२ गते सोमबार ❑ 5 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## गण्डकी प्रदेशको नीति तथा कार्यक्रम सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमः प्रस्तुतः गरेको छ । गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरूङले आइतबार सदनमा आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्त गरेका हृन् ।

प्रस्तुत गरिएको नीति तथा कार्यक्रमले खासै ठुला र महत्वकाक्षी योजना भन्दा पुराना केही कार्यक्रमको निरन्तरता छ भने कृषि र स्वास्थ्य क्षेत्रलाई केही प्रथामिकता दिएको देखिन्छ । प्रदेश प्रमुख गुरुङले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा निःशुल्क कृषि र पशु देखि १० बर्षका बालबालिका देखि ६० बर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई ओ.पी.डि. लगायतका सेवामा निःशुल्क प्रदान गर्ने स्वास्थ्य उपचारसम्मका कार्यक्रम उल्लेख गरिएको छ ।

स्वास्थ्य क्षेत्रमा सेवा विस्तार र नागरिकको पहुच र स्वामित्व बढाएको छ भने मृगौला डायलाइसिसको प्रतीक्षामा रहेका बिरामीलाई निःशुल्क डायलाईसिस सेवा विस्तार गरिएको प्रदेश प्रमुखले बताए । प्रदेश सरकारको साझेदारी, बाँझो रहन्न खेतबारी भन्ने अभियानमा बाँदर प्रभावित क्षेत्रमा केन्द्रित गरी दुग्ध र मासुजन्य उत्पादनमा जोड दिएको निती तथा कार्यक्रममा प्रस्तुतः गरिएको छ । त्यस्तै भुमि बैंकको अवधारणा, उत्पादनमा आधारित अनुदान, एक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री स्मार्ट कृषि फार्मको सामुहिक कृषि विकास कार्यक्रम संचालन गरीने भएको छ। प्रस्तुत गरिएको उक्त नीति तथा कार्यक्रममा सीपयुक्त जनशक्ति बेरोजगार रहेको र रोजगारदाताको विदेशी श्रमिकलाई काम लगाउने अबस्थाको अन्त्य गरी श्रम र सीपको माग र आपुर्ति सहज बनाउन रोजगार मेलाको आयोजना गरिने भएको छ । भरतपुर क्यान्सर अस्पतालका साथै अन्य सरकारी अस्पतालहरुसँग सम्झौता गरी सबै खालको क्यान्सरको उपचारमा एक लाख रुपैयासम्मको थप आर्थिक सहायता प्रदान गरिने भएको छ। एल.पी.ग्याँसलाई प्रतिस्थापन गरी बिद्युतीय चुन्हो प्रयोगलाई प्रोत्साहन गर्ने र उज्यालो गण्डकी प्रदेश बनाउन लाग्ने, एक घर एक धारा अभियान आगामी दुई बर्ष भित्र पुरा गर्ने लक्ष्य राखिएको नीति तथा कार्यक्रममा समेटिएको छ । पोखरामा रहेको प्रदेश संग्रहालयमा गण्डकी प्रदेश स्तरिय प्रदेश एकीकृत कला संस्कृति संग्रहालयको रुपमा विकास गरिने भएको छ। पोखरामा खेल पर्यटनको सम्भावना देखेर सुविधा सम्पन्न क्रिकेट रंगशाला निर्माण प्रकृया अघि बढाउने, पोखरामा अन्तराष्ट्रिय स्तरिको कभर्डहलको प्रकृया अघि बढाउने, राष्ट्रि एवं अन्तराष्ट्रि प्रतियोगितामा सहभागि हुने खेलाडी सहित अन्य व्यक्तिलाई गण्डकी खेलकुद पदक प्रदान गर्ने भएको छ भने एक स्थानिय तह एक खेल मैदान अभियानलाई जोड दिने भएको छ । गण्डकी प्रदेशभित्रै विशिष्टिकृत स्वास्थ्य सेवा विस्तार गर्ने निती अर्न्तगत सुविधा सम्पन्न बाल अस्पताल, पोखरामा मुटु रोगसंग सम्बन्धित विशेषज्ञ अस्पताल स्थापना गरिने भएको छ । विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम तथा बिद्यालय नर्स कार्यक्रम संचालन गरिने,किशोरीहरुको मर्यादित महिनावारी प्रबर्द्धनमा ध्यान दिदै स्थानीय तहको समन्वयमा प्रदेश भित्रका सबै स्वास्थ्य संस्थामा निःशुल्क स्यानिटरी प्याड वितरणको सुविधा उपलब्ध गराइने भएको छ । गर्भवती, सुत्केरी महिला तथा नवजात शिशुहरुलाई आपत्कालीन स्वास्थ्य अबस्थामा उद्धारका लागि एयर एम्बुलेन्सको व्यबस्था गरिने भएको छ । स्वास्थ्य संस्था बाहिर सुत्केरी हुने दरलाई शुन्यमा झार्दै संस्थागत सत्केरी प्रदेश बिषेश अभियान सुरु गरिने भएको छ । स्थानिय तहसंगको समन्वयमा ग्रामिण अल्ट्रा साउण्ड सेवालाई विस्तार गरिने भएको छ । स्वास्थ्य सेवालाई शहीद, वेपत्ता परिवार, द्धन्द्ध पीडित, गरिब, दलित, अपाङ्गता भएका तथा उत्पीडित समुदायका व्यक्तिहरुलाई समेत सर्वसुलभ र पहुँचयोग्य बनाउन स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउने भएको छ । १० बर्ष मुनिका बालबालिका तथा ६० बर्ष भन्दा माथिका ज्येष्ठ नागरिकलाई प्रदेश सरकार मातहतका अस्पताल तथा अयुर्वेद स्वास्थ्य केन्द्रहरुमा ओ.पि.डी. सेवा र प्रयोगशाला परिक्षणमा निःशुल्क गरिने भएको छ । गण्डकीमा डायलायसिस सेवाः नागरिकको स्वास्थ्यमा टेवा भन्ने अवधारणा अनुसार डायलायसिस सेवालाई झन्झटमुक्त बनाउदै पालो कुर्नपर्ने अबस्थालाई शुन्यमा झारिने भएको छ।

कृषि र पशु बिमा कार्यक्रम संचालन मार्फत नागरिकलाई कृषि पेश तर्फ आकर्षण गर्न संघ सरकारबाट दिएको असी प्रतिशत अनुदानमा प्रदेश सरकारले बीस प्रतिशत थप गरी कृषि र पशु बिमालाई निःशुल्क बनाएको छ। साथै गग्गा चक्लाबन्दी, बीउ र मलमा अनुदान जस्ता कार्यक्रम संचालन गरिएको छ । प्रदेश सरकारले यस अघि पनि अघि सारेको उज्यालो गण्डकी प्रदेश कार्यक्रमलाई साकार पार्न साना तथा ठुला जलबिद्युत आयोजना निर्माण, बायोग्याँस तथा यौय उर्जा कार्यक्रम र काठेपोल विस्थापन जस्ता कार्यक्रम संचालन गरिएका छन् । समृद्ध प्रदेश निर्माण गर्न सडक संजाल विस्तार गर्ने उद्धेश्यले प्रदेश सदरमुकाम र स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण, कालोपत्रे गर्ने, प्रदेशका गौरवका योजनाहरुलाई निरन्तरता दिने, कोरला त्रिवेणी सडक मार्फत दुई छिमेकी राष्ट्र र गण्डकी प्रदेशको समृद्धिको आधार निर्माण गर्न सरकार लागि परेको प्रदेश प्रमुख गुरुङले बताए । केही बर्ष देखि अलपत्र परेको दुम्कीबास गजेन्द्रमोक्ष सडक खण्डको निर्माणलाई गति दिन उक्त सडकलाई बजेट सुनिश्चितता गरी वन्यजन्तुमैत्री संरचना सहित ३ बर्षभित्र


बाँकी अन्तिम पृष्ठमा ▶▶


## खेलाडीको इतिहास अब संग्रहालयमा सग्रह गरिन्छः घिसिङ

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ



नेपाली राष्ट्रिय तथा अन्तराष्ट्रिय पदकधारी खेलाडीहरुको इतिहास सहितको विवरण अब केही समय पश्चात संग्रहालयमा अवलोकन गर्न सकिने भएको छ।

नेपाल ओलम्पियन संघको आयोजनामा आइतबार पोखरामा सम्पन्न भएको साधारण सभामा वोल्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङलेले उक्त कुरा बताएका हुन्।

खेल क्षेत्रमा नयाँ आयाम थप्ने गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पदकधारी खेलाडीहरुको मोवाइल एप्स तथा वेवसाइडमै हेर्न सकिने व्यबस्था मिलाउने तयारी गरेको उनले बताए । नवौं खेलकुदको अधिकांश खेलाडीहरुको एप्समा तथ्याङ्क राखिएको दाबी गर्दै उनले अब राष्ट्रि तथा अन्तराष्ट्रिय पदकधारी खेलाडीहरुको बारेमा सम्पूर्ण विवरण राखिने भएको सदस्य सचिव विष्टले जनाए । खेलकुद क्षेत्रको बिषय बस्तुहरुको संग्रह गरी स्पोर्ट्र्स म्युजिम समेत बनाउने बताउदै उनले थ्रियटर हल ओलम्पियनहरुको बायोडाटा र उनीहरुको भिडियो समेत संग्रह गरी इतिहासको दस्तावेजको रुपमा संग्रह गर्ने जनाए । ओलम्पिकसम्मको यात्रासम्म के कस्तो सघर्ष गर्नु पर्‍यो सबै बृतान्त म्याजिक भिडियोमा समेत उल्लेख गर्ने भएको सदस्य सचिव घिसिङले जनाए।

नयाँ पुस्तालाई खेलकुदको बारेमा बुझाउन र खेल क्षेत्रको महत्व बुझाउन पनि स्पोटेर्स म्यूजिमले धेरै सहज हुने भएको उनले बताए । १८ औं ओलम्पियनमा नेपालको यात्रा देखि हालसम्मको अबस्था बारे मोवाईल एप्स तथा वेवसाइडमा सम्पूर्ण विवरण संग्रह गर्ने तयारी भएको सदस्य सचिव घिसिङले जनाए । समय सापेक्षा पुस्तक प्रकाशन गर्नु भन्दा अनलाईनमा विश्वका जुन सुकै मुलकबाट हेर्न सक्ने गरी खेलाडीहरुको सम्पूर्ण विवरण राख्ने भएको उनले जनाए।

खेलकुदको इतिहास कुन खेल कसरी कसले खेल्यो लगायतका विवरणहरु संग्रह गर्ने भएको सदस्य सचिव घिसिङले बताए । राज्यको तर्फबाट अझै पनि प्रयाप्त मात्रमा खेलकुद क्षेत्रमा लगानी हुन नसकेको उल्लेख गरे । राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले बाजे पुस्ता देखि नातिसम्मका खेलाडीहरुलाई एउटै फोरममा भेला गराएर नेपाली खेलकुद क्षेत्रको महत्व र यसको गरिमा झन बढेको दाबी गरे । नेपाल ओलम्पियन संघका अध्यक्ष दीपक विष्टले नेपाली खेलकुद क्षेत्र र ओलम्पियनहरुको शिर नजुक्ने गरी सधै शिर उचो पार्ने गरी काम गर्ने बताए । पोखरामा उक्त कार्यक्रमले आफुहरु तप उत्साहित भएकोले हरेक बर्ष हरेक प्रदेशमा यस्तो कार्यक्रम आयोजना गर्ने भएको बताए । पोखरामा उक्त कार्यक्रम आयोजना हुनुले नेपाली ओलम्पियनहरुको एक आपसमा परिचयसंगै अन्य क्षेत्रका व्यक्तिहरुसंग समेत यसको महत्व बढेको पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले जनाए। यही जेठ १९ गते देखि नेपालका करिब ५० जना भन्दा बढी ओलम्पियन पहिलो पटक पोखरामा एकै स्थानमा भेला हुदै विभिन्न कार्यक्रममा सरिक भएका हुन् । सन १९६४ का पहिलो ओलम्पियन क्या.राम प्रसाद गुरुङ बाजे पुस्ता देखि नाति पुस्ता सन २०२० का ओलम्पियनहरुको सहभागिता रहेको छ ।

## नागरिकतासम्बन्धी ऐन तत्काल कार्यान्वयन नगर्न आदेश

**रासस**
काठमाडौं, २१ जेठ

सर्वोच्च अदालतले नागरिकतासम्बन्धी ऐन प्रमाणीकरणलाई तत्कालका लागि कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ । न्यायाधीश डा मनोजकुमार शर्माको एकल इजलासले आइतबार उक्त ऐन तत्काल लागि कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको हो ।

वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले दायर गरेको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै अदालतले तत्काल राष्ट्रपतिले गरेको प्रमाणीकरणलाई कार्यान्वयन नगर्न आदेश गरेको छ। अदालतले दुवै पक्षसँग छलफल गरी बोलाएर आदेश गर्नेछ।

## बेगनास बराह क्षेत्रमा मन्दिर निर्माण सुरु

**पोखरापत्र संवाददाता**
लेखनाथ, २१ जेठ



कास्कीको लेखनाथस्थित बेगनास ताल पारी रहेको प्राचीन बराह क्षेत्रमा गण्डकी प्रदेश सरकारको सहयोगमा मन्दिर निर्माण सुरु गरिएको छ। गण्डकी प्रदेश सरकारको पर्यटन तथा उद्योग कार्यालयले बेगनासताल बराह क्षेत्र पर्यटकीय पूर्वाधार निर्माण योजनाअन्तर्गत बेगनासताल बराह एवम् लक्ष्मी नारायण मन्दिर निर्माण सुरु गरिएको हो ।

योजनाका लागि रू ५५ लाख ७६ हजार नौ सय १७ लागत लाग्ने प्रदेशअन्तर्गत रहेको पर्यटन तथा उद्योग कार्यालयले जनाएको छ । मन्दिर निर्माणका लागि प्रदेश सरकारले रू ५० लाख विनियोजन गरेको छ भने बाँकी रकम जनश्रमदानबाट जुटाइने पर्यटकीय पूर्वाधार निर्माण समितिका अध्यक्ष ध्रुवनाथ अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार बेगनासताल बराह क्षेत्रलाई धार्मिक पर्यटनको गन्तव्य बनाउनका लागि व्यवस्थित मन्दिर निर्माण गर्न लागिएको हो । "बराह क्षेत्रमा प्राचीनकालदेखि पूजाआजा हुँदै आएको र यहाँ कलात्मक कुँदिएका शिला रहेकाले यस क्षेत्रको पुरातात्विकरुपमा पनि उत्तिकै महत्व छ", अध्यक्ष अधिकारीले भन्नुभयो । बराह क्षेत्रको पुरातात्विक खोज तथा अनुसन्धानका लागि यसअघि पुरातत्व विभागका प्राविधिकले यस क्षेत्रको सम्भाव्यतासम्बन्धी अध्ययन गर्नुभएको थियो । बेगनासतालमा आउने पर्यटकलाई यहाँस्थित बराह क्षेत्रसम्म पुऱ्याउने लक्ष्यका साथ मन्दिरलगायत संरचना निर्माण गर्न लागिएको उहाँको भनाइ थियो । प्राचीनकालदेखि अत्यन्त आस्था विश्वासका साथ पूजाआजा गर्दिंदै आएको यस तीर्थस्थलमा डुङ्गा व्यवसायी समितिले प्रत्येक वर्षको पहिलो पूर्णिमाका दिन पारेर ताल क्षेत्रमा डुङ्गा दुर्घटना नहोस्, आगन्तुक पर्यटक, दर्शनार्थी तथा स्थानीय सबैलाई राम्रो होस् भन्ने कामनासहित पूजाआजा गदै आएका छन् । मनले चिताएको पुग्ने जनविश्वासका साथ यस क्षेत्रमा विभिन्न महत्वपूर्ण तिथि एवम् पर्वमा दर्शनार्थी आउने गरेका जानकारी दिँदै अध्यक्ष अधिकारीले तीर्थस्थल र आसपासको क्षेत्रको विकासका लागि विसं २०७५ मङ्सिर २२ देखि २९ गतेसम्म महायज्ञ समेत गरिएको जानकारी दिनुभयो । मन्दिर निर्माणका सन्दर्भमा आइतबार यहाँ आयोजित एक कार्यक्रमकाबीच गण्डकी प्रदेशका पर्यटन तथा उद्योगमन्त्री दीपेन्द्रबहादुर थापाले बेगनासातालको गरिमा र महत्वलाई अझै बढाउन मन्दिर निर्माण गर्न लागिएको बताउनुभयो । बेगनासतालसहित यस क्षेत्रको पर्यटकीय विकासका लागि मन्त्रालयका तर्फबाट सक्दो सहयोग गर्ने उहाँले बताउनुभयो ।

पोखरा महानगरपालिका-३१ का वडाध्यक्ष ढकनाथ कँडेलले बेगनास तालको प्राकृतिक सम्पदाको संरक्षणका साथै यहाँका धार्मिक पर्यटकीय क्षेत्रको संरक्षणमा वडाले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष छत्रधर आत्रेयले लेखनाथ क्षेत्रका धार्मिक एवम् पर्यटकीय गन्तव्यको संरक्षण एवम् प्रवर्द्धनमा सबैको सहयोग जरुरी भएको बताउनुभयो । कार्यक्रममा इलाका प्रशासन कार्यालय सिसुवाका प्रमुख कमल भण्डारी, अर्थ मन्त्रालयका उपसचिव वसन्तराज तिवारी, उद्योग तथा पर्यटन कार्यलय कास्कीका प्रमुख शेषकान्त पौडेललगायत बेगनास बराहलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रुपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको थियो ।




# कोहिनुर इन्भेष्टमेण्टमा शेयर बजार सचेतना

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ



जीवनमा पढाई र सिकाई एक मुठी श्वास रहिन्जेल चलिरहने एक निरन्तर प्रक्रिया हो । पढाई र सिकाई हरेक मानिसको लागि जीवनमा टाँसीएको हुन्छ । सहज रुपमा जीवन अगाडि बढ्नको लागि आर्थिक पाटो सवै भन्दा महत्वपुर्ण मानिन्छ। आमालाइ घर चलाउनुको साथै अभिभावकलाई दैनिक खर्च गर्न आर्थिक विहान उठेदेखि बेलुका नसुते सम्म आर्थिक अनिवार्य हुन्छ । त्यही आर्थिक बढाउनको लागि शेयर सम्बन्धी कोहिनुर इन्भेष्टमेण्ट सेकुरेटिज प्रा.ली ब्रोकर नम्बर ३५ ले शनिवार सहभागी सवैलाई आधरभुत ज्ञान प्रदान गरेको छ । धितोपत्र/ शेयर बजार सम्बन्धी लगानी कर्ता शिक्षा तथा सचेतना कार्यक्रम गरी शेयर बजारले जीवनमा ल्याएको परिवर्तन सम्बन्धी उदाहरण दिएर घाम झैं छर्लङ्ग पारिदिएको छ । कार्यक्रम संचालनमा पोखरा महानगरपालिका वडा नं १३ को सहयोग रहेको थियो । एक दिने कार्यक्रममा शेयर बजारमा कसरी प्रवेश गर्ने र शेयर कसरी बेच्ने र किन्ने भन्ने विषयमा लामो समय यस क्षेत्रका अनुभवी तथा प्रशिक्षक राजु पौडेलले जानकारी गराए ।

शेयरमा देखीएका समस्या, चुनौती र समाधानका वारेमा व्यापक छलफल गरी उदाहरण दिएर सहभागी सवैलाई प्रशिक्षक पौडेलले वताए । वडा नं १३ का अध्यक्ष किरण वरालले शेयर बजारवाट जीवनमा अमुल परिवर्तन भएको भने । आँफु विदेशमा उच्च शिक्षा हाँसील गरेर स्वदेशमा केही गर्ने उद्देश्यले फर्केको जानकारी दिदै अध्यक्ष वरालले शेयर बजारमा बुझेर आगाडि बढ्ेमा राम्रो हुने वताए । शेयर बजारको लामो समयको अनुभवी साथमा लगानीकर्ता मेघनाथ कुँवरले विश्वको कनै पनि स्थानमा बसी बसी लगानी गर्न सकिने उत्तम बजार भएको चर्चा गरे । कोहिनुर इन्भेष्टमेण्ट सेकुरेटिज प्रा.ली ब्रोकर नम्बर ३५ का शाखा प्रमुख खेमराज भाटले शेयरको वारेमा बुझ्न भोकाएका उपस्थित सवैलाइ शेयरका वारेमा मन्त्रमुग्ध पार्दै कार्यक्रम संचालन गरेका थिए । कार्यक्रममा गायक रामभक्त जोजिजुले उडेर जुन उन्छु वोलको गीत गाएर उपस्थित सवैलाइ जुरुक्क जुरुक्क पारेका थिए ।

# गण्डकी...

निर्माण सम्पन्न नई विस्तृत आयोजना प्रतिवेदन निर्माणको लागि कार्याम्भ भएको जनाए ।

खानेपानीमा नागरिकको पहुँच बनाउन लिफ्टिङ प्रणालीबाट उपलब्ध हुने खानेपानी आयोजनामा लाग्ने बिद्युत महसुलमा अनुदान दिने भएको छ। त्यसै गरी कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्न लिफ्टिङ सिंचाईमा लाग्ने बिद्युत महशुलमा समेत अनुदान उपलब्ध गराउने व्यबस्था गरिएको छ । प्रदेशको यातायात व्यबस्था कार्यालयलाई सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउनुका साथै सवारी चालक अनुमतिपत्र वितरण प्रकृयालाई छिटो छरितो एवं सहज अध्ययन कार्य सम्पन्न गरी प्राप्त सुझावका आधारमा सिफ्ट प्रणालमा सेवा प्रवाह सुरु गरिएको प्रदेश प्रमुख गुरुङले बताए । गण्डकी प्रदेश भित्रका पत्रकारको स्वास्थ्य बिमा कार्यक्रम लागु गरिने भएको छ भने पत्रकार लेखनवृत्ति (फेलोसीप कार्यक्रम) संचालन गरिने भएको छ ।

# रुपनारायण ढकाललाई अन्नपूर्ण पत्रकारिता पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ



अंग्रेजी समाचार पोर्टल रिसेन्टफ्युजन डटकमका सम्पादक रुपनारायण ढकाल २०८० सालको अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कारबाट सम्मानित भएका छन् ।

अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिले घान्द्रुकमा आयोजित औपचारिक समारोहमा ढकाललाई उक्त पुरस्कार प्रदान गरेको हो ।

अन्नपूर्ण हिमाल आरोहणको ७३ औं वर्षका अवसरमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले ढकाललाई दोसल्ला र सम्मानपत्र सहित पुरस्कार प्रदान गरेका थिए । सोही पुरस्कारबाट नेपाल रिपब्लिक मिडिया गण्डकी प्रदेशका व्यूरो प्रमुख सन्तोष पोखरेल पनि सम्मानित भए । पुरस्कारको राशि २५ हजार रुपैयाँ रहेको आयोजक समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिए । २५ वर्षदेखि निरन्तर पत्रकारितामा सक्रिय ढकाल ह्याप्पी पोखरा डटकममा समेत आवद्ध छन् । उनले यसअघि गजेन्द्र भण्डारी सिर्जनशील राष्ट्रिय पत्रकारिता पुरस्कार, पोखरा उद्योग वाणिज्य संघ आर्थिक पत्रकारिता पुरस्कार र पर्यटन पत्रकारिता पुरस्कार लगायत दर्जनौं सम्मान प्राप्त गरिसकेका छन् । पोखरा महानगरपालिका, वडा ३२ सातमुहानेका बासिन्दा ढकालले पोखराबाट प्रकाशित तत्कालिन गगन साप्ताहिकबाट पत्रकारिता सुरु गरेका हुन् । यसअघि उनले हिमदूत दैनिक, जनमत दैनिक, पोखरापत्र दैनिक, समाधान दैनिक, आदर्श समाज दैनिक, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, द हिमालयन टाइम्स अंग्रेजी दैनिक र दक्षिण कोरियाको अंग्रेजी भाषाको ओमाई न्यूज इन्टरनेश्नल वेबसाइटका लागि समेत काम गरिसकेका छन् । नेपाल पत्रकार महासंघ कास्कीका पूर्व उपाध्यक्ष राजवहादुर गुरुङको संयोजकत्वमा गठित प्रतिभा छनौट समितिले ढकाल र पोखरेललाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको थियो । समितिमा आयोजक समितिका मिडिया संयोजक पत्रकार टंकराज अधिकारी, समितिका कानूनी सल्लाहकार अधिवक्ता एवं पत्रकार हरिप्रसाद भट्टराई, समितिका महासचिव दिलिप गुरुङ र अध्यक्ष ललित गुरुङ सदस्य थिए । पत्रकारितका माध्यमबाट अन्नपूर्ण क्षेत्रको पर्यटन प्रवर्द्धनमा सघाउ पुर्‍याएको भन्दै समितिले यो पुरस्कार प्रदान गरेको हो ।

अर्थशास्त्रमा स्नातकोत्तर ढकालले नेपाल पत्रकार महासंघ, नेपाल प्रेस इन्स्टिच्यूट, पोखरा उद्योग वाणिज्य संघ र एच डब्लू के माइन्ज जर्मनी तथा अमेरिकी दुतावास लगायतका संस्थाबाट खोजमूलक, आर्थिक र सम्पादन सम्बन्धी दर्जन बढी तालिमहरु लिएका छन् ।

# सेती जलविद्युत् आयोजना अन्तिम चरणमा

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ



कास्की जिल्लामा निर्माणाधीन २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाको काम अन्तिम चरणमा पुगेको छ ।

आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडका अनुसार हालसम्म ९० प्रतिशत काम सकिएको हो । आयोजना माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलामा बनिरहेको छ । विसं २०७७ भदौ देखि विद्युत् आयोजना निर्माण सुरु भएको थियो । आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन(प्रसारण लाइन) निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो । उहाँका अनुसार ढिलोमा पनि आगामी मङ्सिरभित्रमा आयोजना सम्पन्न भएर व्यावसायिकरुपमा विद्युत् उत्पादन हुनेछ । स्थानीयवासी, स्थानीय सरकार र प्रशासनको सहयोगबाटनै आयोजना तोकिएको समयमा सम्पन्न हुन लागेको अध्यक्ष पोखरेलले बताउनुभयो । उहाँले भन्नुभयो, “जलविद्युत्मा २५ मेगावाट सानो परियोजना होइन । धैरै मानिस जोडिनुभएको छ । एक हजार पाँच सय जना प्रवर्द्धकको लगानी छ, सुरुआती लागत बढेको छैन । पारदर्शीरुपमा समयमै आयोजना पूरा गर्न अहोरात्र खटिएका छौँ, छिट्टै सफलता मिल्नेमा आशावादी छौँ ।” सार्दिखोलाको भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत पानी ल्याएर एक सय ८७ मिटर उचाइबाट पावर हाउसमा खसालेर विद्युत् उत्पादन गर्ने योजना छ । पाइपमार्फत लगिएको पानी पावर हाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुई वटा टर्वाइनमा खसालिने छ । सो आयोजना नदी जलप्रवाहमा आधारित छ । कोरोना कहरकाबीच सुरु भएको आयोजनामा सुरुआती चरणमा काममा असर पुगेकाले एक वर्ष म्याद थप भएको अध्यक्ष पोखरेलले बताउनुभयो । आयोजनाको म्याद विसं २०८१ साउनसम्म रहेको छ । उहाँले भन्नुभयो, “कोरोनाले काममा असर गर्दा एक वर्ष म्याद थप गर्नुपरेको हो । स्थानीय सरकार, स्थानीयवासी तथा सबैको साथ सहयोगले आयोजना सम्पन्न हुने चरणमा छ । अबको पाँच महिनाभित्रमा आयोजना सम्पन्न भएर विद्युत् उत्पादन हुनेछ ।” सेती जलविद्युत् आयोजनामा रु पाँच अर्ब लगानी रहेको छ । यसमा रु तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् । अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपियो जारी गरेर पूरा गरिने आयोजनाले जनाएको छ । आयोजनाका इन्जिनियर उपेन्द्र घिमिरेले हेडबर्क्सको काम सकिएर पानी पठाउन सुरु भएको बताउनुभयो । त्यसैगरी पाइपलाइनतर्फ एक सय ५० मिटर जति मात्र काम बाँकी छ । “पावर हाउसको सिभिलको काम सकिएको । स्विचयार्डको काम भइरहेको छ र इलेक्ट्रोमेकानिकलको केही सामान आउन बाँकी रहेको छ”, घिमिरेले भन्नुभयो, “सबै क्षेत्रतर्फ गर्नुपर्ने मुख्य काम सकिएको छ । केही सानातिना काम पूरा गर्नुपर्नेछ ।” सेती आयोजनाबाट उत्पादित विद्युत् चार किमी दूरीमा लाहाचोकमा रहेको नेपाल विद्युत् प्राधिकरणको सवस्टेशनमा जोडिनेछ । विद्युत् गृहबाट सवस्टेशनसम्म प्रसारण लाइन निर्माण भइरहेको छ । प्रसारण लाइमा १३ वटा टावर रहनेमा हालसम्म ११ वटामा काम भइरहेको इन्जिनियर घिमिरेलेबताउनुभयो। आयोजनाको सञ्चालकसमेत रहनुभएका सामाजिक क्षेत्र निर्देशक बमबहादुर गुरुङले स्थानीय जनताको सहयोगबाटनै आयोजना सम्पन्न हुने चरणमा पुगेको बताउनुभयो । निर्माणका क्रममा आउने सानातिना समस्या छलफलका माध्यमबाट समाधान गर्दै आयोजनाबाट निकट भविष्यमा विद्युत् उत्पादन गर्ने गरी काम भइरहेको उहाँले उल्लेख गर्नुभयो । आयोजनाबाट देशको ऊर्जा क्षेत्रको विकासमा योगदान पुग्ने विश्वास गुरुङको छ ।

# देशना चन्द स्मृति नयाँ गल्ली कपमा ‘केआइइसी बुन’ च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ



नयाँ गल्ली क्लबको आयोजनामा सम्पन्न तेस्रो देशना चन्द स्मृति नयाँ गल्ली कप सेभेन ए साइड फुटबल प्रतियोगितामा केआइइसी बुन एफसी च्याम्पियन बनेको छ ।

पोखरा महानगरपालिका-१ स्थित पुरानोटुडिखेल मैदानमा शनिबार भएको फाइनलमा गन्नी एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै केआइइसी बुन एफसी च्याम्पियन बनेको हो ।

बुन एफसीलाई च्याम्पियन बनाउन आशिष गुरुङले निर्णायक गोल गरे ।उनको गोलसँगै उपाधि जितेको बुन एफसीले नगद १ लाख ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो । यस्तै उपविजेता बनेको गन्नी एफसीले ८० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पार्यो । कुल ४७ टिमको सहभागिता रहेको सो प्रतियोगिताबाट बुन एफसीका आशिष गुरुङ सर्वोत्कृष्ट खेलाडीका रुपमा ट्रफीसहित नगद रु १० हजारबाट पुरस्कृत भए । यस्तै उत्कृष्ट गोलरक्षकका रुपमा सोही टिमकै जनम गुरुङ, उत्कृष्ट डिफेन्डरका रुपमा सोही क्लबकै सरोज तितुङ घोषित भए । यस्तै उत्कृष्ट मिडफिल्डरका रुपमा मनोज गुरुङ र उत्कृष्ट फरवार्डका रुपमा गन्नी एफसीका सन्दिप रानामगर घोषित भए । उनीहरुलाई ट्रफीसहित जनही नगद रु ५ हजार प्रदान गरिएको अर्थ संयोजक हिटलर घलेले जानकारी दिए । उनका अनुसार अनुशासित टिमको उपाधि भने करापुटार एफसीले जितेको थियो ।

प्रतियोगिताबाट विजेता तथा उपविजेता टोली सदस्यहरुलाई स्वर्गीय देशना चन्दका परिवार, प्रदेश खेलकुद परिषदका सदस्य शुभकन्या गुरुङ, इन्द्रेणी एकीकृत विकास केन्द्रका अध्यक्ष भानुभक्त अधिकारी लगायतले पुरस्कार वितरण गरेका थिए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

